बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय रसुवा

पत्र संख्याः २०८२/०८३
चलानी नम्बरः

धुन्चे, रसुवा, नेपाल
मितिः २०८२/०४/०१

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८२/०४/०१)

यस कार्यालयका लागि आ.व. २०८२/०८३ को अवधिलाई आवश्यक पर्ने तपसिल बमोजिमका विभिन्न कार्य तथा सेवाहरु आपूर्ति गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम छुट्टाछुट्टै रुपमा मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएको हुँदा सो कार्यका लागि सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम योग्यता पुगेका ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी र सप्लायर्सहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) मा उल्लिखित कागजातहरूको प्रतिलिपि संलग्न गरी सोही नियमावलीको अनुसूची २ (क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कार्य तथा सेवाहरूको विवरणः**

१. वन तथा वातावरण सम्बन्धी अध्ययन, अनुसन्धान एवं परामर्श सम्बन्धी,
२. रुखजन्य, जडिबुटी तथा फलफूल लगायतका बिरुवा तथा बीउ आपुर्ति सम्बन्धी,
३. सरसफाई, बगैंचा सुधार तथा सुरक्षा सम्बन्धी सेवा,
४. इन्टरनेट नेटवर्क जडान र मर्मत सम्बन्धी कार्य,
५. ईन्टरनेट, टेलिफोन र केवल टी. भी. लगायत कनेक्टिभिटी सम्बन्धी सेवा,
६. तालिम, क्षमता बिकास, संस्थागत विकास सम्बन्धी सेवा,
७. टेलिफोन नेटवर्क र ईलेक्ट्रिकल प्रणाली जडान, पार्टपूर्जा आपूर्ति, मर्मत सम्बन्धी कार्य,
८. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी जस्ता विद्युतीय उपकरण तथा मेशिनरी औजार, सामान, पार्टस् आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
९. स्टेशनरी तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य,
१०. छपाई, प्रकाशन, प्रसारण, फोटोग्राफी, भिडियोग्राफी, ग्राफिक्स डिजाईन, एनिमेसन, विज्ञापन सम्बन्धी सेवा,
११. पुस्तक, पत्रपत्रिका, जर्नल लगायतका पाठ्यसामाग्री आपूर्ति सम्बन्धी कार्य,
१२. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति र मर्मत सम्बन्धी कार्य,
१३. सवारी साधन खरिद सम्बन्धी कार्य,
१४. सवारी साधन मर्मत एवं स्पेयरपार्टस आपूर्ति सम्बन्धी कार्य,
१५. भवन तथा पूर्वाधार निर्माण मर्मत तथा सम्भार सम्बन्धी कार्य,

☎ ०१०-५४०१०७
इमेल:rasdfo2076@gmail.com; rasdfo.mofe@bagamati.gov.np ; वेवसाइट: http://dforasuwa.gov.np/

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय रसुवा

धुन्चे, रसुवा, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नम्बरः

मितिः २०८२/०४/०१

१६. खाजा र पानी आपूर्ति सम्बन्धी कार्य,

१७. इन्धन आपूर्ति सम्बन्धी कार्य,

१८. चिट्ठी पत्र वितरण, यातायात र ढुवानी लगायतका सेवा।

शम्भु तामाङ
डिभिजनल वन अधिकृत

<u>निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरू:</u>

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको फोटोकपी,

२. स्थायी लेखा नम्बर/मू.अ.कर दर्ता प्रमाणपत्रको फोटोकपी,

३. आ.व.२०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्रको फोटोकपी,

४. व्यवसायिक इजाजत पत्रको फोटोकपी,

५. प्रचलित कानूनबमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा फर्म कम्पनी वा संस्था स्वयंले घोषणा गरी निवेदन दिनुपर्नेछ।

**दृष्टव्यः** माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ। रीत नपुगी आएका निवेदनहरुलाई मान्यता दिईने छैन। प्राप्त निवेदनहरू मौजुदा सूचीमा दर्ता गर्ने अधिकार यस कार्यालयमा रहनेछ।

☎ ०१०-५४०१०७
इमेल:rasdfo2076@gmail.com; rasdfo.mofe@bagamati.gov.np ; वेवसाइट: http://dforasuwa.gov.np/